# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, पौष १४ गते २०२६ साल [ संख्या ३७

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले प्रहरी प्रधान कार्यालयको भवन र व्यारेक बनाउनको लागि निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ती पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

बागमती अञ्चल काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं. २४ नक्साल-स्थित पूर्व, उत्तर मूल सडक, दक्षिण (महावीर भवन क्याम्प) प्रहरी प्रधान कार्यालयको कम्पाउण्ड, पश्चिम कि. नं. ६३ नन्दकुमारी पौंडेलको जग्गा यति चार किल्लाभित्रको कि. नं. ६४, ६५ र ६६ को प्रति रोपनी जग्गा एकको रू. ३।९२ दरले जम्मा रू. ७३।९३ (त्रिहत्तर रूपैयाँ त्रियानब्बे पैसा) मालपोत लाग्ने जग्गा रोपनी १९।।= (उन्नाइस रोपनी दश आनाको) जग्गा कित्ता एक - - - - - - - १

आज्ञाले–
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।